# रामधुनी नगरपालिका, झुम्का सुनसरी

**शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७४।१०।२८**

यस कार्यालय अन्तर्गत चालु आ.व. मा नगरपालिकाको निम्न कामहरु शिलबन्दि दरभाउ पत्र बाट गराउनु पर्ने भएकोले यस कार्यालयमा सुचिकृत भएका निर्माण व्यवसायिहरु बाट निम्न शर्तहरुको अधिनमा रही रित पुर्वकको शीलबन्दी दरभाउ पत्र आहवान गरिन्छ ।

१. दरभाउपत्र सम्बन्धी कागजातहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सातौ दिनभित्र चालु आ.व.को लागी नविकरण भएको ईजाजत-पत्र, आयकरको स्थायी लेखा दर्ता प्रमाण-पत्र, मुल्य अभिबृद्धि दर्ता प्रमाण-पत्रको र गत आ.व.को कर चुक्ता प्रमाण-पत्र प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन दिई तल उल्लेखित दस्तुर तिरी यस कार्यालय बाट समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउ पत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दरभाउ पत्र १६ औ दिन वा विदा परे सो को भोलि पल्ट १२:०० बजे भित्र कार्यालयको नाममा सम्बोधन गरी ठेक्का न., कामको विवरण, दरभाउ पत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई सहिछाप र फर्मको छाप लगायत शीलवन्दी लाहा छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनुपर्ने छ।

३. दर्ता भएको दरभाउ पत्र सोहि दिन दिनको १:०० बजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र र दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउ पत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४. दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन सार्वजानिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. दरभाउ पत्र साथ धरौटी बापत आफुले कबुल गरेको कबुल रकमको २.५% रकम यस कार्यालयमा नगद वा रा.वा.बैंक ईनरुवामा रहेको धरौटी खाता न. २२२०३००३०२ धरौटीमा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र र दरभाउ पत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै विडवण्ड (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ । फाईनान्स कम्पनीबाट जारी भएको विडवण्डलाई मान्यता दिईनेछैन ।

६. दरभाउ पत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अंकको ५% ले हुने रकम यस कार्यालयमा नगद वा रा.वा.बैंक ईनरुवामा रहेको धरौटी खाता नं.२२२०३००३०२ धरौटीमा नगद जम्मा गरको सक्कलै बैंक भौचर वा घट्टीमा एक वर्ष म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) वा नगदै पेश गर्नुपर्ने छ । नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टीमा परिवर्तन गर्न पाइने छैन ।

७. दरभाउ पत्र मुल्य अभिबृद्धि कर बाहेकको दर रेट उल्लेख गर्नुपर्ने छ ।

८. दरभाउ पत्रमा आईटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । केरमेट भएको ठाँउमा दरभाउ पत्रमा दाताको सही भएको हुनु पर्नेछ ।

९. म्याद नाघी आएको रित नपुगेको र शर्त राखिएको दरभाउ पत्र उपर कुनै कारबाही गरिनेछैन ।

१०. एक फर्मको नाममा खरिद गरिएको दरभाउ पत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखि दरभाउ पत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

१२. दरभाउ पत्र दाताले गरिने कार्यको कार्य तालिका बनाई सम्झौता गर्ने समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१३. माथि उल्लेखित कार्यालयबाट सम्वन्धित व्यक्ति वा फर्मको नामबाट विक्रि भएको दरभाउ पत्र फारम भरि नआएको, शीलबन्दी भई नआएको, म्यादभित्र दाखिला भई नआएको र दरभाउपत्र फारमको प्रत्येक पानामा दरभाउ पत्र दिनेको सहिछाप भइ नआएमा सो दरभाउ पत्रले मान्यता पाउने छैन ।

१४.सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजानीक खरीद ऐन २०६३, नियमावली २०६४ र स्थानिय निकाय (आर्थिक प्रशासन ) सम्वन्धि नियमावली, २०६४ वमोजिम हुने छ ।

१५. शीलबन्दी दरभाउ पत्र को मान्य अवधि स्वीकृत नभए अबधि सम्मको हुनेछ ।

१६. यसमा कुनै संशोधन भएमा सो को जानकारी यस कार्यालयमा सूचना टाँस गरी जानकारी गराईनेछ ।

१७.यस सूचनामा उल्लेख भएको कार्यहरु चालु आ.व. को २०७५ असाढ १५ गते सम्ममा सम्पन्न गरी सक्नु पर्ने छ ।

**कार्यक्रमको नाम :- भौतिक पुर्वाधार विकास कार्यकम**

| सि. न. | ठेक्का न. | कार्यको विवरण | संचालन हुने स्थान | कुल लम्वाइ संख्या र ईकाई | ल.ई. रकम कन्टिनजेन्सी र भ्याट बाहेक | जमानत रकम | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | Ramdhuni 1-074-075 | मिटमार्ट सेन्टर निर्माण | रामधुनी १, रोसरी स मिल भएको स्थानमा | ४ कोठाको पसल भवन | १६४३५९०.८२ | ४१०८९.७७ | १०००.०० | |
| २. | Ramdhuni 2-074-075 | पक्की नाला निर्माणको काम | रामधुनी १, न.पा.को अगागि छेउ वाट जाने ढल | १४५ मिटर | ४९५७३९.७३ | १२३९३.४९ | १०००.०० | |
| ३. | Ramdhuni 3-074-075 | रिटेनिङ्ग वाल निर्माण | रामधुनी ७, सेउती खोलाको पुल | १० मिटर | ५५६६५२.१२ | १३९१६.३० | १०००.०० | |

**वोधार्थ**

**सुचना शाखा : नगरपालिकाको वेभ साईडमा अपलोड गरि प्रत्येक वडा र सार्वजनिक स्थानमा सुचना टाँस गरि दिन हुन ।**

जय प्रकाश चौधरी
नगर प्रमुख